श्री सर्वोच्च अदालत

# फैसलाकार्यान्वयननिर्देशनालय

२०६६

पत्र संख्या :०७८/०७९
चलानी नं.: ४०८

बबरमहल काठमाडौं
फोन नं.: ०१-४२५९६०२
०१-४२४८२५१
वेवसाइट:www.supremecourt.gov.np
इमेल:jed@supremecourt.gov.np

मिति:२०७८/१२/२१

श्री सबै जिल्ला अदालत,
तहसिल शाखाहरु

विषय :-फैसला कार्यान्वयनको कार्यलाई थप प्रभावकारी बनाउन फिल्डको कार्यलाई बढाउने सम्वन्धमा।

प्रस्तुत विषयमा न्यायपालिकाको चौथो पंचवर्षीय रणनीतिक योजना (आ. व. २०७६/७७-२०८०/८१) मा उल्लिखित रणनीतिक उद्देश्य नं १.५ मा "फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउने" भन्ने उल्लेख भएको सर्वविदितै छ। तथापि यस योजनाको शुरुवात कालदेखि नै विश्वव्यापि रुपमा फैलिएको महामारी Covid-19 बाट प्रभावित भई समुदायमा उपस्थित भई बण्डा, बिगो, चलन जस्ता कार्यलाई निरन्तरता दिनमा बाधा व्यवधान उत्पन्न भएको थियो। यसले गर्दा योजनाको तेश्रो आ.व. को अन्तिम समयमा आई पुग्दासम्म पनि फैसला कार्यान्वयनतर्फ योजनाको लक्ष्य प्राप्तिमा न्युनता रहेको तथ्य ज्ञात नै छ। अब उक्त महामारीको प्रभाव घट्न गई जनजीवन सामान्य अवस्थामा फर्किएको छ। तसर्थ अब सबै तहसिल शाखाहरुले अन्य कामको अलावा फिल्डमा कर्मचारी खटाई फैसला कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकता दिई कार्य गर्नु गराउनुहुन निर्देश गरिन्छ।

२०७८/१२/२१

फणेश्वरी घिमिरे
निर्देशक

निर्देशक